# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ
## कोशी प्रदेश, नेपाल

**स्थानीय सेवाका कर्मचारीहरुको तह बृद्धि सम्बन्धी सूचना ।**

प्रकाशन मितिः २०८०/०३/१०

कोशी प्रदेशको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० बमोजिम यस नगरपालिकाको कर्मचारीहरुको तह बृद्धि गर्ने सम्बन्धमा व्यवस्था गर्न जारी बेलबारी नगरपालिका स्थानीय सेवाका कर्मचारीको तहबृद्धि सम्बन्धी कार्यविधि,२०८० को दफा ३ बमोजिम अध्यादेश जारी हुदाँका बखतसम्म पाँच वर्ष सेवा पुगेका कर्मचारीहरुको लागी एकपटक तह बृद्धिको प्रयोजनार्थ योग्यता पुगेको कर्मचारीले यो सूचना प्रकाशन भएको तीस (३०) दिनभित्र कार्यविधिको अनुसूची-१ को ढाँचामा तपसिलको आवश्यक कागजात सहित निवेदन पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

तपसिलः

१. पछिल्लो ३ वर्षको कार्यसम्पादन मूल्याङ्कन फारमको सक्कल प्रति ।

२. सेवा अवधि प्रमाणित भएको प्रमाण पत्रको प्रति ।

३. स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा २८ को उपदफा (१) बमोजिम तोकिएको शैक्षिक योग्यताको लब्धांक पत्र र चारित्रिक प्रमाण पत्रको उम्मेदवार स्वयंले प्रमाणित गरेको प्रति ।

नि.प्रमुख प्रशासकीय अधिकृत

# बेलबारी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## बेलबारी, मोरङ
## कोशी प्रदेश, नेपाल